# स्थानीय राजपत्र

## हुप्सेकोट गाउँपालिकाद्धारा प्रकाशित

खण्डः (४), संख्या ४, हुप्सेकोट, असार ११ गते बिहीबार, २०७७ साल


# भाग १

## हुप्सेकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
## झ्यालबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),
## गण्डकी प्रदेश, नेपाल

नेपालको संविधान बमोजिम हुप्सेकोट गाउँपालिकाको गाउँसभाले बनाएको तल उल्लेखित बमोजिमको ऐन सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# हुप्सेकोट गाउँपालिका जलस्रोत उपयोग सम्बन्धी ऐन, २०७७

हुप्सेकोट गाउँपालिका

**प्रस्तावनाः**

गाउँपालिका भित्रको भुमिगत वा भु-सतहमा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एंव त्यस्तो उपयोगबाट हुने वातावरणिय एंव अन्य प्रकारका हानी नोक्सानीलाई रोकथाम गर्ने तथा जलस्रोतलाई प्रदुषण मुक्त राखे सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनिय भएकोले,

नेपालको संविधान बमोजिमको कार्य गर्ने गरि स्थानिय सरकार ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि हुप्सेकोट गाउँपालिकाको गाउँ सभाले यो "जलस्रोत उपयोग सम्बन्धी ऐन , २०७७" जारी गरेको छ।

## परिच्छद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "हुप्सेकोट गाउँपालिकाको जलस्रोत उपयोग सम्बन्धी ऐन, २०७७" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "जलस्रोत" भन्नाले हुप्सेकोट गाउँपालिका भित्रको भु-सतहमा वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्छ।

(ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले जलस्रोतको उपयोग गर्न हुप्सेकोट गाउँपालिकाबाट दफा ८ वमोजिम अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्थालाई सम्झनुपर्छ।

(ग) "उपभोक्ता संस्था" भन्नाले दफा ४ बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनु पर्दछ।

(घ) "सेवा शुल्क" भन्नाले अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले उपलब्ध गराएको जलस्रोत सम्बन्धित सेवा उपयोग गरे वापत उपभोक्ताले बुझाउनु पर्ने शुल्क सम्झनुपर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

## परिच्छेद-२
## जलस्रोतको उपयोग सम्बन्धी व्यवस्था

**३. जलस्रोतको उपयोगः** (१) यस ऐन बमोजिम अनुमति पत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन।

हुप्सेकोट गाउँपालिका

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमति पत्र लिनु पर्ने छैन।

(क) आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

(ख) आफ्नो जग्गामा सिंचाई गर्न,

(ग) घरेलु उद्योगको रुपमा पानीघट्ट वा पनचक्की चलाउन,

(घ) व्यक्तिगत रुपमा स्थानिय आवागमनको लागी डुंगाको प्रयोग गर्न,

(ङ) जग्गाधनिले आफ्नो जग्गाभित्र मात्र सिमित रहेको जलस्रोत तोकिए बमोजिम उपयोग गर्न,

**४. जल उपभोक्ता संस्थाको गठनः** (१) सामुहिक लाभको लागी संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले तोकिए वमोजिम जल उपभोक्ता संस्था गठन गर्न सक्ने छन।

(२) उपदफा (१) वमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई हुप्सेकोट गाउँपालिका समक्ष तोकिए बमोजिम दर्ता गराउनु पर्ने छ।

(३) उपदफा (२) वमोजिम दर्ता भएको जल उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारवाला स्वसासित र संगठित संस्था हुनेछ ।

**५. जलस्रोत उपयोगको प्राथमिकता क्रमः** (१) हुप्सेकोट गाउँपालिका भित्रको जलस्रोत उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नु पर्ने छ।

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाई

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जलविद्युत

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपभोग,

(च) जल यातायात,

(छ) आमोद प्रमोद जन्य उपयोग,

(ज) अन्य उपयोग।

(२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा दफा १३ वमोजिम गठित समितिले उपदफा (१) मा उल्लेखित प्राथमिकता क्रम वमोजिम उचित रुपमा उपयोग भए नभएको र

हुप्सेकोट गाउँपालिका

अन्य आवश्यक जाँचवुझ समेत गरी सोको आधारमा सम्बन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुनै किसिमबाट उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ। यसरी निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुनेछ।

**६. गाउँपालिकाले जलस्रोतको उपयोग वा विकास गर्न सक्नेः** (१) हुप्सेकोट गाउँपालिका आफैले कुनै जलस्रोतको उपयोग वा विकास गर्नमा यस विधेयकको कुनै कुराले वाधा पुर्‍याएको मानिने छैन।

(२) कसैले यस विधेयक वमोजिम उपयोग गरेको जलस्रोत र सो संग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक उपयोगका लागि हुप्सेकोट गाउँपालिकाले आफुले लिई विकास गर्न सक्नेछ ।

(३) उपदफा (२) वमोजिम आफुले लिएको जलस्रोतको उपयोगिता सम्वन्धीत जग्गा, भवन, उपकरण वा संरचना वापत गाउँपालिकाले सम्वन्धित व्यक्तिलाई तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ।

(४) हुप्सेकोट गाउँपालिकाले आफ्नो क्षेत्र भित्र अन्य व्यक्ति, निकाय वा संगठित संस्थाले उपयोग गरिरहेको जलस्रोतलाई निजहरुसंगको समन्वयमा पर्यटन व्यवसायलाई प्रवर्धन गर्न आवश्यक कार्ययोजना वनाई लागु गर्न सक्नेछ।

**७. जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्नेः** (१) हुप्सेकोट गाउँपालिकाले दफा ९ वमोजिम उपदफा (१) र (२) बमोजिम विकास गरेको कुनै जलस्रोत सम्बन्धी परियोजनाको निर्माण समाप्त भैसकेपछि उपभोक्ता संस्थालाई आवश्यक शर्तहरु तोकी हस्तान्तरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधिनमा रहि आफुले अनुमतिपत्र प्राप्त गरे सरह सो परियोजनाको संचालन सम्वन्धित उपभोक्ता संस्थाले गर्नेछ।

**८. जलस्रोतको उपयोगको लागी करार गर्न सक्नेः** यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि हुप्सेकोट गाउँपालिकाले कुनै संगठित संस्था वा व्यक्ति सित प्रचलित कानुनको अधिनमा रहि करार गरी सोही करारमा उल्लेखित शर्तहरु बमोजिम कुनै जलस्रोतको विकास, उपयोग र सेवा विस्तार गर्न गराउन सक्नेछ ।

## परिच्छेद-३
## अनुमतिपत्र सम्वन्धी व्यवस्था

**९. अनुमति पत्रको व्यवस्थाः** (१) जलस्रोतको सर्भेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्वन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका अन्य विवरणहरु खुलाई हुप्सेकोट गाउँपालिकाको कार्यालय समक्ष अनुमतिपत्रको लागी दरखास्त दिनु पर्नेछ। तर जलस्रोतको सर्भेक्षणको अनुमतिपत्रको लागी दरखास्त दिदा त्यस्तो अध्ययन प्रतिवेदन पेश गर्न आवश्यक पर्ने छैन।

(२) उपदफा (१) बमोजिम परेको दरखास्तमा गाउँपालिकाले तोकी दिएको अधिकारीले आवश्यक जाँचवुझ गरी गराइ दरखास्त परेको मितिले सामान्यतया जलस्रोत सर्वेक्षणको अनुमतिपत्रको हकमा ३० दिन भित्र र जलस्रोत उपयोगको अनुमति पत्रको हकमा ९० दिनमा आवश्यक शर्तहरु तोकि दफा ५ को उपदफा १ मा उल्लेखित प्राथमिकताक्रम अनुसार दरखास्तवालालाई अनुमतिपत्र दिनु पर्नेछ ।

(३) अनुमति पत्र प्राप्त व्यक्तिले जलस्रोत उपयोग गरे वापत हुप्सेकोट गाउँपालिकालाई तोकिए वमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ।

(४) अनुमति पत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र प्राप्त विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा हुप्सेकोट गाउँपालिकाबाट स्वीकृती लिनु पर्नेछ।

**१०. जलविद्युतको लागी जलस्रोतको उपयोगः** दफा ६ मा जुनसुकै कुरा लेखिएको भएतापनि १ मेगावाट (१००० वाट) सम्म क्षमताको जलविद्युत उत्पादन गर्नको लागी हुप्सेकोट गाउँपालिका कार्यालयबाट र सो भन्दा वढी क्षमताको जलविद्युत उत्पादनको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्वन्धमा प्रचलित कानुन बमोजिम हुनेछ।

**११. अनुमतिपत्र नविकरण गर्नेः** (१) यो विधेयक वमोजिम जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधिको लागी अनुमतिको नविकरण गर्नु पर्ने छ।

(२) जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्रको नविकरण गराउँदा तोकिए वमोजिम नविकरण दस्तुर लाग्नेछ।

**१२. अनुमतिपत्र खारेज गर्न सकिनेः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन अन्तरगत वनेको नियम विपरित कुनै काम गरेमा दफा १३ वमोजिम गठित समितिको सिफारिसमा तोकिएको अधिकारीले अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) वमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा त्यस्तो व्यक्तिले पाएको अनुमति पत्र खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि सम्वन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

## परिच्छेद-४

## स्थानीय जलस्रोत समिति सम्बन्धी व्यवस्था

**१३. स्थानीय जलस्रोत समितिको गठनः** (१) हुप्सेकोट गाउँपालिका भित्र रहेको जलस्रोत उपयोगको आवश्यक अध्ययन अनुसन्धान एवं जलस्रोतको उपयोगको अनुमति प्रदान गर्ने तथा तोकिए बमोजिम नगरेमा अनुमति पत्र खारेज गर्ने प्रयोजनको लागि एक स्थानीय जलस्रोत समिति रहने छ।

(२) स्थानीय जलस्रोत समितिमा देहायका अध्यक्ष र सदस्यहरु रहने छन।

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) गाउँपालिकाले तोकेको गाउँसभा सदस्यहरु मध्येबाट एकजना - सदस्य

(ङ) प्रशासन शाखाको प्रमुख - सदस्य-सचिव

(३) स्थानीय जलस्रोत समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

**१४. स्थानीय जलस्रोत समितिको काम कर्तव्य र अधिकारः** स्थानीय जलस्रोत समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) जलस्रोत उपयोग र सर्वेक्षण सम्बन्धमा इजाजत पत्र प्रदान गर्न सिफारिस गर्ने,

(ख) जलस्रोत उपयोग सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरी हुप्सेकोट गाउँपालिका समक्ष पेश गर्ने।

(ग) जलस्रोत उपयोग सम्बन्धमा कुनै प्रश्न उठेमा वा परमपरा देखि जलस्रोत उपयोग गरेकोमा अन्यथा भएको देखिएमा आवश्यक जाँचवुझ गर्ने गराउने।

(घ) खण्ड (ग) बमोजिम जाँच गर्दा वा गराउँदा तोकिएको शर्त वमोजिम जलस्रोतको उपयोग नभए नगरेको देखिएमा त्यस कार्यमा संलग्न व्यक्ति उपर प्रचलित कानुन बमोजिम कारवाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने।

(ङ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

## परिच्छेद-५

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

**१५. सजाय सम्बन्धी व्यवस्थाः** (१) कसैले यस विधेयक वा यस ऐन अन्तरगत बनेको नियम उलंघन गरेमा निजलाई स्थानीय जलस्रोत समितिको सिफारिसमा हुप्सेकोट गाउँकार्यपालिकाले पांच हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी वापतको क्षतिपूर्ति भराई दिन सक्नेछ ।

(२) कसैले यस ऐन वमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई गाउँकार्यपालिकाले पाँच हजार रुपैया सम्म जरिवाना गर्न र त्यस्तो काम बन्द गराउन सक्नेछ।

(३) यस विधेयक वमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पादित सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा गाउँ कार्यपालिकाले निजबाट विगो असुल गरी निजलाई विगो बमोजिम जरिवाना समेत गर्न वा अपराध अनुसन्धानको लागी लेखि पठाउन सक्नेछ ।

(४) कसैले वदनियतसाथ कुनै खानेपानीको मुहान, वाध, नहर वा जलस्रोतको उपयोग सित सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, विगारेमा वा कुनै किसिमले हानी नोक्सानी पु-याएमा वा त्यस्तो कुनै काम कुराको लागी दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानी नोक्सानीको विगो असुल गरी निजलाई विगो बमोजिम जरिवाना वा दश वर्ष सम्म कैद वा दुवै सजाय हुन सक्नेछ।

**१६. अनुसन्धानको लागि लेखि पठाउन सक्नेः** जलस्रोत उपयोगको अनुमति प्रदान गर्ने निकायले यस विधेयक वमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा १५ (४) वमोजिमको

कसुर गरेको थाहा पाएमा त्यस्तो कसुरका सम्बन्धमा अनुसन्धान गर्नको लागी सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ।

**१७. मुद्दा सम्वन्धी व्यवस्थाः** दफा १५ को उपदफा (४) बमोजिम सजाय हुने कसुर सम्बन्धी व्यवस्था संघिय कानुन वमोजिम हुनेछ ।

**१८. पुनरावेदन सम्बन्धी व्यवस्थाः** यस विधेयक वमोजिम जलस्रोत उपयोगको अनुमति प्रदान गर्ने अधिकारी वा गाउँ कार्यपालिकाबाट कारबाही भएकोमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो कारबाहीको निर्णयको जानकारी पाएको मितिले पैतालिस दिन भित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-६

## विविध

**१९. सेवा उपभोगका शर्तहरु तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउनेः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफुले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन वा त्यस्तो सेवा वापत शुल्क असुल उपर गर्न सक्नेछ।

(२) हुप्सेकोट गाउँपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतको सेवा शुल्क र अनुमति प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए वापत वार्षिक शुल्क तोकिए बमोजिम निर्धारण गरी असुल उपर गर्न सक्नेछ।

**२०. सेवा रोक्न सक्नेः** सेवा उपभोग गरे वापत बुझाउनु पर्ने शुल्क नवुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सक्नेछ ।

**२१. अरुको घर जग्गामा प्रवेश गर्न सक्नेः** हुप्सेकोट गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको सर्वेक्षण वा उपयोगको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा हुप्सेकोट गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सुचना दिएर त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिने छ। त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा हुप्सेकोट गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ।

**२२. जलस्रोत संरचनाको सुरक्षाः** जलस्रोत उपयोग सित सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयं आफ्नो विचारमा त्यस्तो सुरक्षा गर्न आवश्यक ठानेमा हुप्सेकोट गाउँपालिकाले आवश्यक प्रवन्ध गर्न स्थानीय प्रशासनलाई लेखि पठाउन सक्नेछ।

**२३. जलस्रोतलाई प्रदुषित गर्न नहुनेः** हुप्सेकोट गाउँपालिका भित्रको जलस्रोतको प्रदुषण हुने गरी कसैले पनि कुनै किसिमको फोहोरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदुषित गर्न हुँदैन।

**२४. वातावरण उल्लेखनीय प्रतिकुल असर पार्न नहुनेः** हुप्सेकोट गाउँपालिका भित्रको जलस्रोतको उपयोग गर्दा भु-क्षय, वाढी, पहिरो वा यस्तै अरु कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी गर्नु पर्नेछ ।

**२५. इजाजतपत्रको प्रतिलिपि दिनेः** कसैले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा समितिले तोकिए बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनुपर्नेछ ।

**२६. अधिकार प्रत्यायोजनः** यस विधेयक वमोजिम हुप्सेकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई प्राप्त अधिकार मध्ये केही अधिकार हुप्सेकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले तोकिएको अधिकारीलाई तोकिएको अवधिसम्मको लागि प्रत्यायेजन गर्न सक्नेछ ।

**२७. प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा लेखिए जति यसै ऐन बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुनेछ।

**२८. नियम बनाउने अधिकारः** यस विधेयकको उद्देश्य पूर्तिको लागि हुप्सेकोट गाउँपालिका, गाउँ कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ।

प्रमाणीकरण मितिः२०७७/०३/१०

राजपत्रमा प्रकाशित मितिः २०७७/०३/११

**आज्ञाले,**
**कृष्ण सापकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**